नेपाल पेडियाट्रीक सोसाईटी (नेपास)
नेपास निर्वाचन समिति २०८०

## निर्वाचन आचारसंहिता

निर्वाचन कार्यक्रमलाई प्रभावित नहुने गरि स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढंगबाट निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचनको समयमा सरोकारवालाहरुले आधारभुत रुपमा पालना गर्नु पर्ने आचारसंहितालाई ध्यानाकर्षण गराउँदै निम्नानुसारको आचारसंहिता जारी गरिएको छ।

१. यस नेपाल पेडियाट्रीक सोसाईटी (नेपास) का सदस्य लगायत कुनै पनि व्यक्तिले निर्वाचनलाई प्रभाव पार्ने खालकृ कुनै पनि कार्यहरु निर्वाचन सम्पन्न नभए सम्म गर्न पाईने छैन।
२. कुनै पनि उमेद्वार वा निजका प्रतिनिधिले बल प्रयोग गरि वा डर, त्रास, धम्की र प्रलोभन दिई मतदान केन्द्र जबर्जजस्ति कब्जामा लिने वा मतपेटिका कब्जा गर्ने मत पत्र च्यात्ने जस्ता गतिविधि गर्न पाईने छैन। यदि त्यस्तो गरे वा गर्न लगाईएको प्रमाणित भएमा त्यस्तो उमेद्वारी रद्द हुनेछ।
३. उमेद्वारको प्रचार प्रसारको क्रममा एक उमेदवारले अर्को उमेदवारको विरुद्ध (Negative Campaingn) गर्न पाईने छैन।
४. मतदान गर्न जादा मोवाईल तथा अन्य ईलेक्टोनिक डिभाईस्हरु साथमा लिई जान पाईने छैन।
५. निर्वाचन स्थलमा उमेद्वारले प्रचार पसार गर्न पाईने छैन।
६. निर्वाचन स्थलमा निर्वाचनलाई असर पर्ने कुनै पनि कार्य गर्न गराउन पाईने छैन।
७. निर्वाचन स्थलमा उमेद्वार तथा मतदाताले मादक प्रदार्थ सेवन गरि होहल्ला गर्न र मतदान गर्न पाईने छैन।
८. निर्वाचन स्थलमा उमेद्वार र मतदाता नामावलीमा नाम उल्लेख भएमा मतदाता, प्रवेक्षक, पत्रकार, सुरक्षाकर्मी बाहेक अन्यलाई प्रवेश दिदा निर्वाचन समितिको अनिवार्य अनुमति लिएर मात्र प्रवेश गर्न पाईने छ।
९. कुनै पनि मादक प्रदार्थ र हातहतियार लिएर प्रवेश गर्न पाईने छैन।
१०. निर्वाचन निर्देशिका २०७४ र नेपाल पेडियाट्रीक सोसाईटी (नेपास) को विधान पालना गर्नु पर्ने सो विपरित कार्य गर्ने व्यक्तिलाई कानुनी कारवाही समेत निर्वाचन समितिले गर्ने छ।
११. निर्वाचन स्थलमा निर्वाचन निर्देशिका २०७४ र नेपाल पेडियाट्रीक सोसाईटी (नेपास) को विधान विपरित कुनै कार्य गरेमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ।
१२. निर्वाचन स्थलमा उमेद्वारलाई मतदाताले दिएको मत कोठा भित्र मात्र परेको मत सदर गरिने छ।
१३. निर्वाचन स्थलमा उमेद्वारलाई मतदाताले मत दिँदा नेपाल पेडियाट्रीक सोसाईटी (नेपास) को विधान अनुरुप पदाधिकारी र सदस्यहरुलाई समान पदमा दुई जना व्यक्तिलाई वा तोकिएको संख्या भन्दा बढी मत दिएमा सो पदको मत स्वत रद्ध गरिने छ।
१४. मत दिदा मतदाताले नेपास निर्वाचन समितिले उपलब्ध गराएको कालो मसीको कलमले मात्र मतदान गर्नु पर्ने छ सो नगरेको पाईएमा सो मत वदर मानिने छ।
१५. उम्मेदवारलाई मतदाताले मत दिदा नेपास निर्वाचन समितिले उपलब्ध गराएको कालो मसीको कलमले लगाएको रेजा टिक मार्क वाहेक अन्य चिन्ह प्रयोग गरेको पाईएमा सो पदको वा मत रद्ध गरिने छ।
१६. मतदाताले मत पत्रका निर्वाचन समितिले उपलब्ध गराएको निर्देशिका विपरित कुनै अन्य चिन्ह, अपशब्द वा अन्य कुनै प्रकारको भाषा प्रयोग गरेको मतपत्र भेटिएमा उक्त मतपत्र पुर्ण रुपमा रद्ध गरिने छ।